नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
साईबर ब्यूरो

फोन: ९८५१२८६७७० / ०१-४२१९०४४
Ext:

Email: cyberbureau @nepalpolice.gov.np

भोटाहिटी, काठमाण्डौ

मिति: २०७७-०९-०३ गते।

# प्रेस विज्ञप्ती

## Fake E-mail तथा फेसबुकमा Fake ID बनाई महिलाहरुलाई अश्लिल सन्देश, तस्वीर पठाउने, यौन उत्पिडन एवं हैरानी गर्ने व्यक्तिहरु पक्राउ।

Fake E-mail बनाई परिचित महिला साथी महालक्ष्मी (नाम परिवर्तित) लाई आफुसंग अर्धनग्न तथा नग्न तस्वीर भएको र सो तस्वीरहरु सार्वजनिक नगर्नका लागि **७० लाख माग गर्ने,** यौन उत्पिडन दिने, Sex Extortion गर्ने, हैरानी गर्ने कार्य गरी विद्युतीय (ईलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ को दफा ४७ बमोजिमको कसुर गरेको पाईएको हुँदा सम्मानित जिल्ला अदालत काठमाण्डौबाट पक्राउ अनुमती लिई जिल्ला मोरङ विराटनगर उपमहानगरपालिका वडा नं. ३ घर भई हाल काठमाण्डौ जिल्ला बुढानिलकण्ठ नगरपालिका वडा-७ गल्फुटार बस्ने बर्ष ३३ को सुमन रेग्मीलाई मिति २०७७/०९/०२ गते काठमाण्डौबाट पक्राउ गरी थप अनुसन्धान भई रहेको छ ।

त्यसैगरी सामाजिक सञ्जाल फेसबुकमा Fake ID बनाई नजिकको नाता पर्ने महिला कसरा (नाम परिवर्तित) लाई यौनजन्य, अश्लिल सन्देश तथा तस्विर पठाउने, यौनअश्लिलतायुक्त अनर्गल सामाग्री पोष्ट गरी अपमान गर्ने, हैरानी दिने कार्य गरी विद्युतीय (ईलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ को दफा ४७ बमोजिमको कसुर गरेको पाईएको हुँदा सम्मानित जिल्ला अदालत काठमाण्डौबाट पक्राउ अनुमती लिई जिल्ला चितवन माडी नगरपालिका वडा न. ६ कल्याणपुर बस्ने बर्ष ३५ को थम बहादुर विश्वकर्मालाई जिल्ला प्रहरी कार्यालय चितवन समेतको सहयोगमा चितवनबाट पक्राउ गरी थप अनुसन्धान भै रहेको छ।

**प्रवक्ता एवं सूचना अधिकारी**
(नविन्द अर्याल)
प्रहरी बरिष्ठ उपरीक्षक

*पुनश्च:- अश्लिल तथा यौनजन्य सामाग्रीहरु कम्प्यूटर, इन्टरनेट लगायतका विद्युतीय वा अन्य माध्यमहरुबाट प्रकाशन, प्रशारण वा प्रदर्शन गर्नु सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्दमा हुने, व्यक्तिलाई अपमान तथा हैरानी गर्ने, घृणा वा द्वेष फैलाई समाजमा विकृती विसंगती बढाउने हुदाँ कानूनद्वारा दण्डनीय भएकोले कसैले पनि त्यस्तो कार्यहरु नगर्न र नगराउनु हुन अनुरोध गरिएको छ।*